नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
माघ/फागुन २०८० (February 2024) वर्ष २७/अङ्क ३०२

## हाम्रो साँचो सुरक्षा

- पाष्टर बर्णबास श्रेष्ठ

असल शुक्रबारको दिन, येशू मर्नुभयो । चेलाहरू अलमल्लमा परे । जसलाई उनीहरू पछ्याइरहेका थिए अब छैनन् । कहाँ जाने, के गर्ने । उनीहरू आफैलाई असुरक्षित पाउँछन् । जाने ठाउँ छैन, काम पनि छैन । भएको पेशा छोडेर खीष्टको पछि हिँड्थे । भविष्यमा के गर्ने भन्ने कुराको कुनै निश्चयता थिएन । रोमी सिपाईहरूको डर छ, अब के गर्ने भन्ने कुराको कुनै टुङ्गो थिएन ।  आज संसारमा धेरैलाई मानिसहरू यस्तै भविष्यको अनिश्चयताको कारण बिचलित छन् । यस्तै परिस्थिति परिआएको छ ।

इजरायलमा ढुक्कसँग काम गरिरहेका, पढिरहेकाहरूको जीवनमा एक्कासी हमासको आक्रमणपछि भविष्य के हुने भन्ने कुनै निश्चयता भएन । संसारमा हेर्ने हो भने बास्तवमा हामी कहीँ पनि सुरक्षित छैनौं । संसारले भनिरहेको सुरक्षा अति नै सीमित छ र भरोसामा पर्न सकिँदैन । पावलले आफ्नो भरोसा परमेश्वरमा राखेका थिए ।

**“तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले खीष्टको खातिर हानि नै ठानें । साँच्चै भन्ने हो भने खीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानी नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर मैला तुल्य म गन्दछु”** (फिलिप्पी ३: ७ र ८) ।

पावलले यो लेख्दै गर्दा उनी रोमको झ्यालखानमा थिए करिव ६१ ए डि को अन्ततिर वा ६२ को सुरुतिर लेखेका थिए । उनलाई फर्केर फिलिप्पीमा भएका विश्वासीहरूलाई भेट्ने इच्छा थियो

**“अनि म पनि चाँडै आउँला भनी प्रभुमा भरोसा राखेको छु”** (फिलिप्पी २:२४) । पावलले यो लेख्दै गर्दा उनको मृत्यु जेलमा नै हुन सक्ने संकेत उनले अघिबाट नै दिएका थिए । **“यदि तिमीहरूका विश्वासको बलिदानमाथि अर्घ बलिको रूपमा अर्पित हुनुपरे तापनि म आनन्दित छु, र तिमीहरू सबैसँग म रमाउँछु”** (फिलिप्पी २:१७) ।

पावलले जीवनको वास्तविक अर्थ बुझेका थिए । आफ्नो जीवनमा संसारको हिसाबले हेर्ने हो भने उनको घमण्ड गर्ने ठाउँ छ तर उनले ती सबै कुरा हानिको ठान्दछन् ।

आजका दिनहरूमा हामी धेरै विश्वासीहरू हामी कस्तो घरानाबाट आएको, पढाइ, सम्पत्ति, पद, जात, सबै कुराहरू हाम्रा बातचितको विषय अर्थात् घमण्ड गर्ने विषय बन्दछ । हामी मानिसको हिसाबले हो भने उनी एक ठूला नेता हुनुपर्ने हो । तर पावल भन्दछन् ती सबैलाई म खीष्टको खातिर हानिको ठान्दछु कारण ती सबै अस्थाई मात्र हो । यदि येशूलाई चिन्ने कुरामा यी कुराहरू बाधा बन्दछ भने त्यो हाम्रो लागि हानि नै हो । खीष्टलाई चिन्नको लागि यी अन्य सबै गुमाउनुपर्छ भनेर ती गुमाउने कुरा छान्दा मूर्ख होइन्छ भने पनि अन्तत यो लाभदायक नै हुन्छ ।

फिलिप्पी ३:८ मा उनी भन्दछन्, साँच्चै भन्ने हो भने  खीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानी नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर मैला तुल्य म गन्दछु कारण ती सबै कुराहरूले गलत सुरक्षाको अनुभूति गराउँछ । आज ठूला ठूला शक्ति राष्ट्रहरूले जे कुरा उनीहरूको शक्तिको कुरा सम्झेका थिए (प्रशस्त धन, बलियो सैन्यबल र हतियार,  प्रविधि) आज ती सबै दुर्बल साबित भएको छ । कोभिडको बेला ती सबै कुरा केही गर्न नसकेर लाचार भएका थिए ।

**.... परमप्रभुले शहरको रक्षा नगर्नुभए त पालेहरूले गरेको रखवाली व्यर्थ हुन्छ** (भजन १२७:१) ।

आज हाम्रो सुरक्षा कहाँ छ ।  यदि हामीलाई अनन्त प्रेमले प्रेम गर्नुहुने परमेश्वरको त्यो महान बलिदान र उहाँको अनुग्रहको वरदानलाई विश्वाससाथ स्वीकार गर्छौं भने, आज अनिश्चित संसारमा डरमा जिउन पर्दैन । तर हामी मरे पनि बाँचे पनि हाम्रो भविष्य उहाँमा सुरक्षित छ ।

पावलको एक दृढ इच्छा उनले फिलिप्पी ३:१० पदमा व्यक्त गर्दछन्, **“म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दु:ख भोगमा सहभागी हुन सकूँ ।”**

११ **“सम्भव भए मरेकाहरूबाट म पुनरुत्थान प्राप्त गर्न सकूँ ।”**

१. पावलको एक दृढ इच्छा खीष्टलाई जान्ने (उहाँ को हुनुहुन्छ, उहाँको काम, स्वभाव, गुण, वैभव) हामी सबै खीष्ट विश्वासीहरूले यस कुराको लागि उच्च चाहना राख्नु पर्दछ ।  अझै

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **खाल्चोक** | **बालुवापाटी** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** | **भैंसेपाटी** | **गोदावरी** | **डाँछी** |
| **माघ २७** February 10 | पाष्टर सिमोन पाठक | डीकन राजु तामाङ्ग | एल्डर बाग मान तामाङ्ग | डीकन भुपाल लामा | श्री मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ | एल्डर सिमोन खालिङ | एल्डर आमोस खालिङ | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर प्रेम श्रेष्ठ |
| **फागुन ५** February 17 | एल्डर दिनेश न्यौपाने | एल्डर पूर्ण सुनुवार | डीकन कुमार गज्मेर | श्री डिल्ली ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | एल्डर ग्रेस खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर बाबु राम के.सी. | श्री प्रकाश शर्मा | एल्डर भुवन देवकोटा | एल्डर सागर थापा |
| **फागुन १२** February 24 | एल्डर अर्जुन ढकाल | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर सिमोन पाठक | एल्डर सिद्धि खालिङ | एल्डर पूर्ण सुनुवार | श्री स्टिफन राई | डीकन सिमोन भण्डारी | एल्डर रूद्र राई | डीकन अनिल चौधरी | एल्डर आनन्द न्यौपाने | श्री तेज जिरेल |
| **फागुन १९** March 2 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | डीकनेस् ज्योति सिल्पकार | श्री माया लामा | श्री विजय तामाङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर जनक लाल श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ |

२. खीष्टको पुनरुत्थानको शक्तिलाई जान्ने, मृत्युमाथि विजय, अब मृत्युको डर होइन किनकि यो विजयमा निलिएको छ । **“ए मृत्यु तेरो विजय कहाँ, ए मृत्यु तेरो खील कहाँ, मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू खीष्टद्वारा विजय दिनुहुन्छ”** (१ कोरिन्थी १५:५५ र ५७) । पावलले एफिसीहरूलाई लेख्दा उनी यो पनि भन्दछन्, **“र ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ”** (एफिसी ३:१९) ।

यूहन्ना १०:२८ मा हेर्दछौं भने **“खीष्ट प्रभुले भन्नुभयो, तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुने छैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन ।”** रोमी २:५ ले भन्दछ, **“उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं ।**

**तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुने छैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन ।”** रोमी २:५ ले भन्दछ, **“उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं ।”** २ तिमोथी २:११ ले यो पनि भन्दछ, **यो भनाइ निश्चित छ, यदि हामी उहाँसँग मरेका छौं भने, हामी पनि उहाँसँगै जिउनेछौं ।**

येशू मरेको मरै हुनुभएन, उहाँ बौरी उठ्नुभयो । आज उहाँ क्रूसमा हुनुहुन्न, नता चिहानमा नै । उहाँ पिताको दाहिने हातपट्टि महा महिमाका साथ सिंहासनमा विराजमान हुनुहुन्छ । आज जतिले उहाँको मृत्यु र पुनरुत्थानमा विश्वास गरेका छन् वास्तवमा उनीहरू नै सधैं (अनन्तसम्म लाई) सुरक्षित छन् । अहिलेको छोटो जीवनको सुरक्षा मात्र होइन अनन्त सुरक्षालाई विचार गर्दछौं भन्ने भविष्यको डर हुँदैन र हामी ढुक्कको जीवन जिउन सक्दछौं ।

## जानकारी



नहरेफाँट बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती मंगली श्रेष्ठ ९२ वर्षको उमेरमा माघ ९ गते/जनवरी २३ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



लोलाङ्ग बस्नुहुने नेइम गोंगबू मण्डलीको सदस्य श्रीमती फिस्टी ८० वर्षको उमेरमा माघ ५ गते/जनवरी १९ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



गुरुजुधारा बस्नुहुने नेइम गुरुजुधारा मण्डलीको सदस्य श्री लक्ष्मी थापा मगर ८६ वर्षको उमेरमा पौष १८ गते/जनवरी ३ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

नेइम जोरपाटी चर्च जनवरी १९ तारिख २५ वर्ष पूरा गरी २६ वर्ष प्रवेश गरेको सुखद उपलक्ष्यमा जनवरी १९-२० तारिख नेइम जोरपाटी चर्च, डाँछी आफ्नै भवनमा भव्य र सव्य तवरमा रजत महोत्सव सम्पन्न गर्न मण्डलीका पाष्टर तथा एल्डरगण, मण्डली अगुवा तथा सम्पूर्ण मण्डली परिवार र आमन्त्रित मण्डली, पाहुना शुभेक्षुकजन प्रत्यक्ष वा अप्रत्यक्ष सहायता पुऱ्याउनुभएका स्वयं सेवकहरूलाई नेइम जोरपाटी पाष्टोरल फ्रुण्ड धन्यवाद व्यक्त गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | ढलमल | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **माघ २७** February 10 | एल्डर लाक्पा लामा | डीकनेस् सलोमी दों | डीकन अमृत लामा | श्री प्रेम गुरूङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर राज गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | एल्डर बी.एन पण्डित | एल्डर छोदेन कार्थक | डीकन डि.बि. राई |
| **फागुन ५** February 17 | एल्डर गोपी राई | एल्डर जमान घ्लान | सुश्री कल्पना नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पेशल राई | डीकन उमेश मगर | डीकन अमृत लामा | एल्डर पिटर लिम्बू | श्री कुमार सेन्चुरी | डीकन अनिल आले | डीकन बाबेल राई |
| **फागुन १२** February 24 | एल्डर राज गुरूङ्ग | श्री चित्र खड्का | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | डीकन अमृत लामा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बू | डीकन मत्ती सिराल | डीकन सुक्रराज घिमिरे |
| **फागुन १९** March 2 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | डीकन अमृत लामा | एल्डर गोपी राई | एल्डर सागर थापा | श्री मोहन श्रेष्ठ | संयुक्त सेवा गाम्चा चर्च | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |

## हार्दिक बधाई



माघ ८ गते/जनवरी २८ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री सुमित्रा मिजार र नेइम जोरपाटी चर्चको सदस्य श्री विजय बिसँखेको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ९ गते/जनवरी २९ तारिख, बुधबार नेइम गुरुजुधारा चर्चको सदस्य सुश्री बिनिशा के.सी. र महिमा सानो बगाल मण्डली, विराटनगरको सदस्य श्री समर्पण राईको ड्रिम पार्टी प्यालेस, थानकोटमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ १५ गते/जनवरी २९ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री सविन श्रेष्ठ र वेस्ली वरदान मेथोडिस्ट चर्च, ललितपुरको सदस्य सुश्री अनिता श्रेष्ठको फूलबारी मेथोडिस्ट चर्च काभ्रेमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

२. अधुरो परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायताको लागि प्रार्थना गरिदिऔं ।

३. सारा संसारभरिका मण्डलीहरूमा पवित्र आत्माबाटको जागृतिको लागि प्रार्थना गरिदिऔं ।

४. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

५. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

६. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि खीष्टमा बनिँदै र एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

७. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

८. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै खीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

९. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

१०.सेवा संगति, प्रार्थना वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 4<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>२ तिमोथी ३:१४-१६ | २८ 11<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ६ 18<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ | १३ 25<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास- योग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१० |
| **सोमबार**<br>Monday | २२ 5<br>मण्डलीको सबै विश्वासीहरू व्यक्तिगत, पारिवारिक, मण्डलीसँगको प्रार्थनाको क्षेत्रमा मूल्य चुकाउनेहरू हुँदै जान सकौं ।<br>यशैया ६२:६ | २९ 12<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १:९-१४ | ७ 19<br>मण्डलीका सबै समर्पित विश्वासीहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि प्रभुमा बढ्दै र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं ।<br>कलस्सी ३:१६-१७ | १४ 26<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ |
| **मंगलबार**<br>Tuesday | २३ 6<br>मण्डलीको जीवनमा प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारमा सिथिलता नआएको होस् ।<br>रोमी १२:११-१२ | फागुन १ 13<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ | ८ 20<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | १५ 27<br>मण्डलीमा पवित्र आत्माबाटको आश्चर्यकर्म, चिन्ह, चंगाइ ठूला ठूला कामहरूको लागि प्रार्थना गरौं जसको कारण धेरै मानिसहरू सुसमाचार सुनेर साथै यी कामहरूद्वारा पनि मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>प्रेरित ५:१२-१६, |
| **बुधबार**<br>Wednesday | २४ 7<br>घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>मत्ती २८:१९-२० | २ 14<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | ९ 21<br>प्रभु येशूको नाउँको खातिर दुख, कष्ट, खेदो निन्दा र सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>मत्ती ५:११-१२ | १६ 28<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ |
| **बिहीबार**<br>Thursday | २५ 8<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा हुनुभएका बोजूहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | ३ 15<br>सुसमाचार प्रचारको साथै पवित्र आत्माबाट पाएका वरदानहरू आँटिलो साहसिलो भई चलाउन सकौं ।<br>मर्कूस १६:१५-२० | १० 22<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ | १७ 29<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शुक्रबार**<br>Friday | २६ 9<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>याकूब १:२२-२५ | ४ 16<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | ११ 23<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | १८ March 1<br>आराधना सेवामा सबैजना आराधना गर्न, वचन, सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>यूहन्ना १५:१० |
| **शनिबार**<br>Saturday | २७ 10<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२,४३ र ४७ | ५ 17<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>लेवी २६:११-१३ | १२ 24<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | १९ 2<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**“तापनि म त्यसमा स्वास्थ्य र आरोग्यता ल्याउनेछु । म मेरा प्रजालाई निको पार्नेछु, अनि प्रशस्त शान्ति र सुरक्षा भोग गर्न दिनेछु । म यहूदा र इस्राएललाई कैदबाट फर्काएर ल्याइदिनेछु, र तिनीहरूलाई फेरि अघिजस्तै निर्माण गर्नेछु । मेरो विरुद्धमा गरेका तिनीहरूका सबै पापदेखि म तिनीहरूलाई शुद्ध पार्नेछु, र मेरो विरुद्धमा बागी भएर गरेका तिनीहरूका सबै पाप क्षमा गर्नेछु ।**

**यर्मिया ३३:६-८**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,